# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७४/११/२९ गते

## प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

---------------------------------------------------

जिल्ला प्रहरी कार्यालय, म्याग्दी अन्तर्गत रहेको प्रहरी चौकी पाखापानीमा कार्यरत प्रहरी हवल्दार कुलबहादुर बि.सी. (बि.क.) ले सेवाग्राहीलाई नेपाल प्रहरीको जवान पदमा भर्ना गराइदिने बहानामा सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखराबाट खटीइ गएको टोलीले निजलाई रु.१,६०,०००/- (एक लाख साठी हजार) घुस रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको देखिन आएकोले निजलाई बिगो रु. १,६०,०००/- (एक लाख साठी हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता